# अध्याय 9: कानुनी सहायता

## कानुनी सहायता सेवाहरू

यदि तपाईंलाई कानुनी कार्वाही लिन, आफैलाई बचाव गर्न वा जिल्ला अदालत, उच्च अदालत वा अन्तिम निवेदन दिने अदालतमा निश्चित कानुनी कार्वाही अगाडि बढाउन जारी राख्न आवश्यक छ भने, कानूनी सहायता विभाग (विभाग) मार्फत सरकारद्वारा कानूनी कानूनी सहायता उपलब्ध छ। कानूनी सहायता मानसिक स्वास्थ समिक्षा ट्रिब्युनल र केही मृत्युका खोजतलासको लागि आवेदन गर्न दण्डदायक, अदालतमा वचनबद्ध कारवाईहरूको लागि पनि उपलब्ध छ।

### *कानुनी सहायताको लागि आवेदन*

तपाईंले राज्यको निम्नलिखित कार्यलयमा कानुनी सहायताको लागि आवेदन दिन सक्नुहुन्छ:

| **नागरिक कानुनी सहायताको लागि आवेदनहरू** | |
|---|---|
| Headquarters<br>25/F, Queensway<br>Government Offices<br>66 Queensway, Hong Kong | Kowloon Branch Office<br>G/F, Mong Kok<br>Government Offices<br>30 Luen Wan Street, Mong Kok, Kowloon |
| **अपराधिक कानुनी सहायताको लागिु आवेदनहरू** | |
| Crime Section<br>25/F, Queensway Government Offices, 66 Queensway, Hong Kong | |
| **कार्यलय समय** | |
| सोमवारदेखि बिहीवार | बिहान 8:45 बजेदेखि दिउँसो 1:00 बजेसम्म<br>दिउँसो 2:00 बजेदेखि साँझ 5:45 बजेसम्म |
| शुक्रवार | बिहान 8:30 बजेदेखि दिउँसो 1:00 बजेसम्म<br>दिउँसो 2:00 बजेदेखि साँझ 6:00 बजेसम्म |

24-घण्टा सोधपुछ हटलाइन: 2537-7677

तपाईंको मुद्दा धैरै जरूरी नभएमा 18 वर्ष पुगेका वा सो भन्दा माथिका नागरिकको कानुनी सहायताको लागि आवेदनहरू र अपराधिक कानुनी सहायता को लागि निवेदनहरू विभागको उपलब्ध वेवसाइटमार्फत www.lad.gov.hk मार्फत कानुनी सहायता विद्युतिय सेवा प्रोटल (LAESP) द्वारा पूर्व-निवेदन जानकारी अनलाइनन पेश गर्न सक्नुहुन्छ।

तपाईंले आवेदन गर्दा, तपाईंले आफ्नो आर्थिक विवरणहरू उपलब्ध गराउनुपर्नेछ जसकारण विभागले कानुनी सहायताको लागि तपाईं आर्थिक रूपले सक्षम हुनुहुन्छ वा हुनुहुदैन भनी निर्णय गर्न सक्छ। यदि तपाईं दुबै माध्यम परीक्षा र योग्यता परीक्षा (जस्तै: तपाईंले अदालत कारवाहि लिन, बचाव गर्न, प्रतिरोध गर्न वा यसलाई निरन्तर जारी राख्नको लागि उचित आधार छ भनेर देखाउन सक्नुहुन्छ) भने, तपाईंलाई कानुनी सहायता प्रदान गरिनेछ।

तपाईं कानुनी सहायताको लागि योग्य हुनुहुन्छ वा हुनुहुदैन भनी पत्ता लगाउन विभागमा वा विभागको वेबसाइटमा हेर्नुहोस्। तपाईं कानुनी सहायताको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर आफैले थाहा पाउनको लागि तपाईंले जाँच गणकको माध्यम पनि प्रयोग गर्न सक्नुहुन्छ जुन तपाईंले विभागको वेबसाइट वा आफ्नो मोबाइल फोन मार्फत पहुँच गर्न सक्नुहुन्छ।

## कानुनी सुझाव सेवा

कानुनी सुझाव आवश्यक भएका जनताहरूले काममा खटेका अधिवक्ता सेवाको नि: शुल्क कानुनी सुझाव योजना (FLAS) बाट सहायता खोज्न सक्छन्।

FLAS ले जनतालाई नि: शुल्क कानुनी सुझाव प्रदान गर्दछ। कानुनी सुझाव केन्द्रमा निम्न नौ जिल्ला कार्यालयहरूमा योग्य कानुनी सल्लाहकारहरू र वकीलहरूद्वारा कानुनी सुझाव दिइन्छ:

| कानुनी सुझाव केन्द्रहरू | टेलिफोन | सेवा समय |
|---|---|---|
| Central and Western District Office | 2852-4378 | सोमवार<br>6:25 अपराह्न - 7:45 अपराह्न |
| Sha Tin District Office | 2158-5352 | |
| Wan Chai District Office | 2835-1997 | मङ्गवार<br>6:25 अपराह्न - 7:45 अपराह्न |
| Tsuen Wan District Office | 3515-5805 | |
| Central and Western District Office | 2852-4378 | बुधवार<br>6:25 अपराह्न - 7:45 अपराह्न |
| Wan Chai District Office | 2835-1997 | |

| | | |
|---|---|---|
| Kwun Tong District Office | 2342-3431<br>2357-0685 | |
| Yau Tsim Mong District Office | 2399-2111<br>2399-2594 | |
| Eastern District Office<br>(Chai Wan Office) | 2896-6968 | बिहीवार<br>6:25 अपराह्न - 7:45 अपराह्न |
| Wan Chai District Office | 2835-1997 | |
| Wong Tai Sin District Office | 3143-1167 | |
| Island District Office | 2852-4324<br>2852-4338 | |

जनताहरूले कानुनी सुझाव सेवाको लागि भेटसमय लिन कार्यालय समयमा कुनैपनि जिल्ला कार्यालययमा जान सक्छन्। उहाँहरूले टेलिफोनद्वारा (टेलिफोन: ) गरेर हङकङको कानुन समाजमा सम्पर्क गर्न पनि सक्नुहुनेछ। **2846-0500**) वा थप जानकारी लागि नजिकैको कुनैपनि जिल्ला कार्यालयमा जान सक्छन्। यदि अन्य भाषाको लागि व्याख्या चाहिएको छ भने, नि: शुल्क व्याख्या सेवाको व्यवस्थाको लागि गृह मामिला विभागले सहायता गर्नेछ।

**नागरिक कार्यविधि सम्बन्धी सुझाव सेवा**

नागरिक कार्यविधिमा प्रतिनिधित्व-रहित वादीहरूको लागि कानुनी सहायता योजनाले निम्न व्यक्तिको प्रतिनिधित्व-रहित वादीहरूको लागि नागरिक कानुनी कार्यवाहीको फरक-फरक कदमहरू चाल्नको लागि नागरिक कार्यविधि विषयहरूमा स्वतन्त्र कानुनी सुझाव उपलब्ध गराउँछ:

(a) जग्गा न्यायाधिकरण, डिस्ट्रिक्ट अदालत, पारिवारिक अदालत, पहिलो दृष्टान्तको अदालत वा उच्च अदालतको आवेदनको अदालत वा अन्तिम आवेदनको अदालतमा नागरिक कानुनी कार्यवाहीको लागि आरम्भ गर्नुभएको वा पक्षहरू हुनुभएको;
(b) निश्चित कानुनी सहायता नभएका र संलग्न वकिलहरू नभएका; र
(c) योजनाको आम्दानी योग्यताको सीमा सन्तुष्टि।

यदि कुनै पनि आवेदनहरू छन् भने, आवेदकहरूले कार्याविधि सुझाव योजना कार्यलयमा आफ्नो आवेदनहरू व्यक्तिगत रूपमा बनाउनुपर्छ र सबै सम्बद्ध कागजातहरू उपलब्ध गराउनुपर्छ। योजनामा थप विवरणहरू योजनाको वेबसाइट (https://www.admwing.gov.hk/eng/public_service/paso.htm) मा र कार्यविधि सुझाव योजना कार्यलयमा उपलब्ध छन।

| **कार्यविधि सुझाव योजना कार्यलय** |
|---|
| Admiralty Office<br><br>Room LG217, LG2/F, High Court Building, 38 Queensway, Hong Kong<br><br>Wanchai Office<br>Room 437, 4/F, Wanchai Tower, 12 Harbour Road, Wan Chai, Hong Kong |
| ***कार्यालय समय:*** **सोमवार देखि शुक्रवारसम्म (सार्वजनिक बिदाहरू बाहेक)**<br>**बिहान 8:45 देखि दिउँसो 1:00 बजेसम्म**<br>**दिउँसो 2:00 देकी साँझ 6:00 बजेसम्म**<br><br>**(हरेक आधा दिनको आवेदनहरूको स्वीकार गर्नको लागि अन्तिम समय क्रमश दिउँसो 12:30 बजे र साँझ 5:30 बजे हो)** |
| ***टेलिफोन:*** **2259-5017** |